# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष ९ गते, २०७९ साल (संख्या ४

# भाग १

## स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

### नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको
सूचना

ईन्द्रावती गाउँपालिका गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# स्थानीय जलस्रोत ऐन, २०७९

# स्थानीय जलस्रोत ऐन, २०७९

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्र भित्रको भूमिगत वा भू-सतहमा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र नियमन गर्दै खानेपानी मुहान विवादमा शुन्य सहनशिलताको नीति अनुसार कानुनी व्यवस्था गर्न वाच्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०१ (१) ले दिएको अधिकार प्रयोग गरि ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको तेस्रो ( हिउदे) अधिवेशनले यो ऐन जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस ऐनको नाम "ईन्द्रावती गाउँपालिकाको जलश्रोत ऐन २०७९" रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट पारित भै ईन्द्रावती राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा : (क) "जलश्रोत" भन्नाले गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलश्रोतको उपयोग गर्न गाउँपालिकाबाट दफा ८ र ९ वमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनुपर्छ।

(ग) "उपभोक्ता संस्था" भन्नाले दफा ४ बमोजिम गठित संस्था सम्झनु पर्दछ।

(घ) "उपभोक्ता" भन्नाले जलश्रोत उपयोग गर्ने व्यक्ति वा समूह सम्झनुपछ

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(च) "सेवा शुल्क" भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलश्रोतसम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनुपर्दछ।

(छ) गाउँपालिका भन्नाले ईन्द्रावती गाउँपालिकालाई सम्झनुपर्दछ।

(ज) "समिति" भन्नाले गाउँ जलश्रोत समितिलाई सम्झनुपर्दछ।

## परिच्छेद २
## जलश्रोतको उपयोग सम्बन्धी व्यवस्था

**३. जलश्रोतको उपयोग :** (१) यस ऐन बमोजिम अनुमति पत्र प्राप्त नगरी गाउँपालिकामा कसैले जलश्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्नेछैन ।
क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त ओसारपसार गरी खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न, ख) आफ्नो जग्गामा सिंचाई गर्न,
ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,
घ) व्यक्तिगत रुपमा स्थानिय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,
ङ) जग्गाधनिले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको जलश्रोत तोकिए वमोजिम उपयोग गर्न,

**४. जल उपभोक्ता संस्थाको गठन :** (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने गाउँपालिकाबासीले तोकिए वमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) वमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई ईन्द्रावती गाउँपालिकामा तोकिए वमोजिम दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम दर्ता भएको जल उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वसाशित र संगठित संस्था हुनेछ ।

**५. जलश्रोत उपयोगको प्राथमिकताक्रम :** (१) गाउँपालिका क्षेत्रभित्रको जलश्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्नेछ ।
(क) खानेपानी र घरेलु उपयोग,
(ख) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,
(ग) सिंचाई,
(घ) जलविद्युत,
(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,
(च) जल यातायात,

(छ) आमोद प्रमोद जन्य उपयोग,

(झ) अन्य उपयोग ।

(२) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १३ वमोजिमगठित समितिले दफा ५ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम वमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलश्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

**६. गाउँपालिकाले जलश्रोतको उपयोग वा विकास गर्न सक्ने :** (१) ईन्द्रावती गाउँपालिका आफैले कुनै जलश्रोतको उपयोग वा विकास गर्नमा यस ऐनले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन वमोजिम उपयोग गरेको जलश्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक हित र उपयोगका लागि ईन्द्रावती गाउँपालिकाले आफ्नो माताहतमा लिई प्रत्यक्ष रुपमा सञ्चालन, ब्यवस्थापन तथा विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम आफुले लिएको जलश्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण, वा संरचना वापत कुनै ब्यक्ति वा नीजि फर्म, कम्पनीको लगानी वा स्वामित्व भएमा गाउँपालिकाले सम्वन्धितलाई तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ ।

(४) ईन्द्रावती गाउँपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलश्रोतलाई निजहरूसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

**७. जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :** (१) ईन्द्रावती गाउँपालिकाले दफा **६ को** उपदफा (१) र (२) वमोजिम विकास गरेको कुनै जलश्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही

आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

**८. जलश्रोतको उपयोगको लागि करार गर्न सक्ने :** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि ईन्द्रावती गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानुनको अधिनमा रहि करार गरी सोही करार मा उल्लेखित शर्तहरू वमोजिम कुनै जलश्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

## परिच्छेद–३
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**९. अनुमति पत्रको व्यवस्था :** (१) जलश्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति, समूह वा गठित संस्थाले ईन्द्रावती गाउँपालिका कार्यालय समक्ष तोकिएको कार्यविधि अनुसार अनुमति लिनुपर्नेछ ।

(२) अनुमति पत्र प्राप्त उपभोक्ता संस्था वा व्यक्तिले जलश्रोत उपयोग गरेवापत ईन्द्रावती गाउँपालिकालाई तोकिए वमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

३) अनुमति पत्र प्राप्त उपभोक्ता संस्था वा व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा ईन्द्रावती गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

४) अनुमति पत्रको लागि आवश्यक कागजात कार्यविधिमा ब्यवस्था भए बमोजिम हुनेछ ।

**१०. जलविद्युतको लागि जलश्रोतको उपयोग :** दफा ६ मा जुनसुकै कुरा लेखिएका भएता पनि जलविद्युत उत्पादन गर्नको लागि जलश्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानुन वमोजिम हुनेछ ।

**११. अनुमतिपत्र नवीकरण गर्ने :** (१) यो ऐन वमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्र प्रत्येक आर्थिक बर्ष को अन्त्यमा नविकरण गर्नु पर्नेछ ।

(२) यस अघि कानुन बमोजिम दर्ता भएका जल उपभोक्ता संस्थालाई यसै ऐन अनुसार भएको मानि नवीकरण गरिनेछ। नवीकरण प्रक्रिया तोकिएको कार्यविधि अनुसार हुनेछ।
(३) उपदफा (२) अनुसार दर्ता भएका जल उपभोक्ता संस्था गाउँपालिकामा अधिकार हस्तान्तरण हुनु अघि सम्म नियमित नवीकरण भएकोछ भने नियमित सरह मानि नवीकरण दस्तुर लिई नवीकरण हुनेछ। तर सम्बन्धित निकायमा दर्ता भै आवश्यक प्रक्रिया पुरा गाउँपालिकाका जलउपभोक्ता संस्थाको हकमा कार्यविधिले तोके अनुसार वा नयाँ प्रक्रिया अनुसार दर्ता गर्नुपर्नेछ।

**१२. अनुमतिपत्र खारेज गर्न सकिने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिवा संस्थाले यो ऐन वा यस ऐन अन्तरगतबनेको नियम विपरित कार्य गरेमा दफा १३ वमोजिम गठित समितिको निर्णय अनुसार तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।
(२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र आवश्यक सुधार नगरेमा गाउँपालिकाले अनुमति पत्र खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) वमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

## परिच्छेद–४
## गाउँपालिका जलश्रोत समिति सम्बन्धी व्यवस्था

**१३. गाउँपालिका जलश्रोत समितिको गठन :** (१) ईन्द्रावती गाउँपालिका भित्र रहेको जलश्रोत उपयोगको आवस्यक अध्ययन अनुसन्धान एवं जलश्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने तथा तोकिए वमोजिम गाउँमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलश्रोत समिति रहनेछ।
(२) गाउँपालिका जलश्रोत समितिमा देहायका पदाधिकारी रहने छन्
(क) गाउँपालिका अध्यक्ष................................अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष................................सदस्य
(ग) प्रमुख प्रशासकिय अधिकृत ........................ सदस्य
(घ) गाउँपालिकाको सम्बन्धित विषयगत समतिको संयोजक सहित गाउँकार्यपालिकाका २ जना ........सदस्य

(ङ) जलश्रोत विज्ञ तथा अनुभवी उपभोक्ताहरुबाट गाउँ कार्यपालिकाले मनोनित गरेको कम्तिमा १ महिला सहित ३ जना ……… सदस्य

च) सम्बन्धित विषयगत शाखा प्रमुख……….सदस्य सचिब

(३) गाउँ जलश्रोत समितिको वैठक सम्बन्धी नियम समिति आफैंले निर्धारण गरे वमोजिम हुनेछ ।

**१४. गाउँपालिका स्तरिय जलश्रोत समितिको काम कर्तव्य र अधिकार : गाउँपालिका स्तरिय** जलश्रोत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) जलश्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने ।

(ख) जलश्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी ईन्द्रावती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने ।

(ग) जलश्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परा देखि जलश्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

(घ) खण्ड (ग) वमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको शर्त वमोजिम जलश्रोतको उपयोग नभए गाउँपालिकाको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति वा संस्था उपर प्रचलित कानुन वमोजिम कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) ईन्द्रावती गाउँपालिकाको जलश्रोत ब्यवस्थापन सम्बन्धि आवश्यक नीति, कार्यक्रम तथा नियमन सम्बन्धी काम गर्ने ।

(च) गाउपाँलिकाको क्षेत्रभित्रको जलश्रोत उपयोग ब्यवस्थापन सम्बन्धमा कुनै समस्य भए त्यसको सुनुवाई गर्ने तथा आवश्यक निर्णय गर्ने ।

(छ) गाउपाँलिकाको जलश्रोत ऐन तथा कार्यविधि विपरित गर्ने जल उपभोक्ताका सम्बन्धमा आवश्यक निर्णय लिने ।

## परिच्छेद– ५
## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**१५. सजाय सम्बन्धी व्यवस्था :** कसैले यस ऐन वा यस ऐन अन्तरगत बनेको नियम, कार्यविधि उल्लघन गरेमा गाउँपालिकाले कार्यविधिमा तोके अनुसार जरीवाना गर्न सक्नेछ ।

**१६. अनुसन्धानको लागि लेखी पठाउन सक्ने :** गाउँपालिकाले दफा १५ बमोजिमको कसूर गरेको जानकारी हुन आएमा अनुसन्धानका लागि सम्बन्धीत निकायमा लेखी पठाउन सक्नेछ ।

**१७. मुद्दा सम्बन्धी व्यवस्था :** संघीय कानुन बमोजिमको सजाय हुने कसुर सम्बन्धी कार्यमा संघीय कानुन लागू हुनेछ ।

**१८. पुनरावेदन सम्बन्धी व्यवस्था :** यस ऐन वमोजिम जलश्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारीले गरेको निणर्य वा जलश्रोत समितिबाट कार्वाही भएकोमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कार्वाहीको निर्णयको जानकारी पाएको मितिले तिस दिन भित्र ईन्द्रावती गाउँपालिका न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद –६
## विविध

**१९. सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा जल उपभोक्ता संस्थाले आफुले विकास गरेको जलश्रोतको उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ ।
२) गाउँपालिकाले विकास गरेको जलश्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्ति वा संस्थाले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत मासिक वा वार्षिक रुपमा शुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

**२०. सेवा रोक्न सक्ने :** सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा

दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सकिनेछ ।

**२१. अरुको घर जग्गामा प्रवेश गर्न सक्ने :** ईन्द्रावती गाउँपालिकावाट अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा ईन्द्रावती गाउँपालिकावाट अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर यस्तो घर जग्गामा प्रवेश गर्न सकिने छ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा ईन्द्रावती गाउँपालिकावा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ ।

**२२. जलश्रोत संरचनाको सुरक्षा :** जलश्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षागर्न आवश्यक ठानेमा ईन्द्रावती गाउँपालिकाले आवश्यक प्रबन्ध गर्न स्थानिय प्रशासनलाई लेखि पठाउन सक्नेछ ।

**२३. जलश्रोतलाई प्रदुषित गर्न नहुने :** गाउँपालिका क्षेत्रभित्रको जलश्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायन वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलश्रोतलाई प्रदुषित गर्न हुँदैन । यदि त्यसो गरेको पाइएमा नियमानुसारको सजाएँ वा जरिवाना हुनेछ ।

**२४. वातावरण उल्लेखनीय प्रतिकुल असर पार्न नहुने :** गाउँपालिका भित्रको जलश्रोतको उपयोग गर्दा भू-क्षय, वाढी, पहिरो वा यस्तै अरु कारणद्धारा वातावणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

२५. **बाधा अड्कन फुकाउ एवं व्यवस्था** : यस ऐनको अन्तिम व्यवस्था एवं बाधा अड्काउ फुकाउने कार्य ईन्द्रावती गाउँ कार्यपालिकाले गर्नेछ ।

२६. **परिमार्जन तथा संशोधन** : यस ऐनलाई आवश्यकता अनुसार गाउँसभाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

२७. नियम वनाउन सक्ने : यस ऐनको आधारमा गाउँपालिकाले आवश्यक नियमावली वनाउन सक्नेछ ।

प्रमाणिरण मितिः २०७९/०९/०९

आज्ञाले,

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत